## सर्वेक्षण प्रतिवेदनमा प्रयोग गरिएको केही महत्वपूर्ण शब्दावलीको व्याख्या

| शब्द | | अर्थ |
|---|---|---|
| **आर्थिक रुपले सक्रिय जनसङ्ख्या** | : | १५ वर्षभन्दा माथि र ६४ वर्षभन्दा मुनिको जनसङ्ख्यामध्ये कामगर्न सक्ने उमेरको अनुपात । |
| **एकल परिवार** | : | एक परिवारमा जसमा बुवा, आमा, र तिनका छोराछोरी मात्र रहने परिवार । |
| **संयुक्त परिवार** | : | एउटै परिवारमा बुवा, आमा, छोरा, छोरी, बुहारी, नाति, नातिनी, काका, काकी आदि रहने परिवार । |
| **जनघनत्व** | : | प्रतिवर्ग कि.मि. जमिनमा बासोबास गर्ने जम्मा जनसङ्ख्या |
| **दीर्घ रोग** | : | एकपटक लागिसकेपछि पुनः (सहजै) निको नहुने खालका रोगहरु, जसले रोग लागेको व्यक्तिलाई लामो समयसम्म पिडा दिइरहन्छ वा नियमित औषधी खाइराख्नुपर्ने अवस्था । |
| **परिवारको औषत आकार** | : | एकै भान्सामा खाने, बस्ने तथा परिवारको आम्दानी बाँडफाँड गर्ने जम्मा परिवार सङ्ख्या । |
| **बाल मृत्युदर (प्रति हजारमा)** | : | एकवर्ष भित्र भएका प्रतिहजार जिवित जन्ममा मृत्यु भएका बालबालिकाको सङ्ख्या । |
| **मातृ मृत्युदर (प्रति हजारमा)** | : | जम्मा जिवित जन्ममा गर्भवस्ता वा सुत्केरीसम्बन्धी जटिलताका कारण हुने आमाको मृत्यू प्रति १००००० (यस प्रतिवेदनमा भने हजारमा) । |
| **लिङ्ग अनुपात** | : | प्रति १०० जना महिलामा पुरुषको सङ्ख्या । |
| **घरधुरी** | : | सामान्यतया घरधुरीलाई घरको एउटै छाना मुनी एउटै भान्छामा खाने गरी व्यवहार गरिरहेका परिवारलाई बुझाउँछ, तथापि यस सर्वेक्षणमा घरधुरीलाई परिवारको रुपमा व्याख्या गरिएको छ । |
| **अनाथ** | : | कुनै पनि बालबालिकाको बुवा वा आमा अथवा दुवै नभएको साथै दुवै अविभावकहरु छुट्टिएर बसेको अवस्थापनि बुझिन्छ । |
| **आधारभूत सर्वेक्षण** | : | कुनै पनि स्थानको वस्तुस्थितिहरु थाहा पाउन गरिने वैज्ञानिक अध्ययन । |
| **बालहिंसा** | : | बालबालिकाहरु प्रति गालि-गलौज, दुर्व्यवहार, र कुटपिट भएको जनाउने । |

| | | |
|---|---|---|
| **साक्षरता** | : | सामान्य नेपाली अक्षर लेखपढ गर्न सक्ने अवस्था । |
| **अनुपस्थित व्यक्ति/परिवार** | : | कुनै पनि परिवारका ६ महिनासम्म कुनै कारणले आफ्नो घर/परिवारमा नबसिरहेको अवस्था । |
| **वैदेशिक रोजगारी** | : | काम गर्न नेपाल बाहिर अन्य मुलुकमा गएको व्यक्ति । |
| **वृद्धवृद्धा** | : | नेपाल सरकारले ७० वर्ष वा सो भन्दा माथि उमेर भएका वृद्धवृद्धालाई मान्दछ र सोहि व्याख्याअनुसार वृद्धवृद्धा भत्ता दिने गरीएको छ । |
| **आधुनिक कृषि** | : | वैज्ञानिक विधि र आधुनिक प्रविधि प्रयोगद्वारा गरिने कृषि । |
| **सेयर व्यवसाय** | : | सेयर व्यवसाय शब्दावलीले यस सर्वेक्षणमा जलविद्युतको सेयरको बारेमा सूचीत गराउँदछ । सेयर किनबेच गरेर आम्दानीको श्रोत बनाउने जनाँउदछ । |
| **बालअधिकार** | : | बालबालिकाले पाउनुपर्ने आधारभूत अधिकार जसले गर्दा बालबालिकाले पाउने सबै प्रकारको अधिकारको जानकार गराउँदछ, बालअधिकारका चार खम्बा छन् : बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकसित हुन पाउने अधिकार र सहभागिताको अधिकार । |
| **जलन** | : | आगोको ज्वाला, तातो झोल पदार्थ वा वस्तु, विजुली वा कुनै रसायनीक वस्तुले शरीरमा हुने घाउ अथवा चोट । |
| **चोटपटक** | : | शरीरमा हुने कुनै किसिमको चोट वा घाउ जसको लागि स्वास्थ्य उपचारको आवस्यक पर्ने वा जसले गर्दा आफ्नो समान्य दिन चरियामा बाधा पुग्दछ । |
| **जनसंख्या** | : | सर्वेक्षणको अवधिभर कुनै पनि स्थानमा उपलब्ध हुने मानिसहरुको सङ्ख्या । |
| **घरमूली** | : | परिवारका एक प्रमुख सदस्य जसले परिवारको पक्षमा निर्णय गर्ने गर्दछ । |
| **अपाङ्गता** | : | शरीरको कुनै एक अङ्गले पूर्णरुपमा कार्य गर्न नसक्ने अवस्था । |
| **प्रमुख पेशा** | : | कुनै एक व्यक्तिले आयआर्जनका लागि सबैभन्दा बढी समय दिने पेशा । |
| **प्रमुख आम्दानीको स्रोत** | : | धेरै आयआर्जन हुने श्रोत । |

| | | |
|---|---|---|
| **खानेपानी शुद्धिकरण विधि** | : | पानीको माध्यमबाट लाग्न सक्ने रोगहरुको निर्मूलिकरण गर्ने विधि । |
| **स्वास्थ्य विमा** | : | एक किसिमको विमा, जसबाट विमा गराईएको व्यक्तिको स्वास्थ्य उपचार र औषधीको आर्थिक भरपाईं गरिन्छ । |
| **बाल विवाह** | : | १८ वर्ष भन्दा मुनिको उमेर भएका बालबालिकाहरुको गरिने विवाहलाई बालविवाह भनिन्छ । |
| **विप्रेषण/ रेमिटेन्स** | : | कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीबाट कमाएर पठाएका रकम । |
| **स्वामित्व** | : | आफ्नो नाममा भएको कुनै पनि वस्तु, घर, जग्गा/जमिन, वा सामान । |
| **खाद्य सुरक्षा** | : | बाँच्नका लागि आवश्यक हुने र वर्षभरी ढुक्कसँग खाद्य वस्तुको भौतिक तथा आर्थिक रुपमा पहुँच भएको अवस्था । |
| **सीपमूलक तालिम** | : | यस्तो प्रकारको तालिम जसबाट व्यक्तिले सीप विकाससम्बन्धी ज्ञान/क्षमता अभिवृद्धि गर्नसक्छ र सोलाई प्रयोग गरी आयआर्जन पनि गर्न सक्दछ । |
| **जनचेतनासम्बन्धी तालिम** | : | यस्तो किसिमको तालिम जसले व्यक्तिलाई उक्त विषयको जानकार गराई व्यक्तिगत तथा सामाजिक रुपान्तरण गर्न सहयोग गर्दछ । |
| **समाजिक सुरक्षा भत्ता** | : | नेपाल सरकारले वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, एकल महिला/विधवा, दलित बालबालिकलाई सामाजिक तथा आर्थिक रुपमा सवल बनाउनका लागि उपलब्ध गराउने रकम । |